आज मिति २०८३ साल जेष्ठ २९ गते शुक्रबारका दिन नौमूले गाउँपालिकाका अध्यक्ष श्री छविराम सुवेदीज्यूको अध्यक्षतामा नौमूले गाउँपालिकाको कार्यालय भवनमा बसेको गाउँ कार्यपालिकाको बैठकमा देहाय बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा तपसिल बमोजिमका प्रस्तावहरु माथि छलफल गरि देहाय बमोजिम निर्णय गरियो ।

<u>उपस्थिति:</u>

| सि.नं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री छविराम सुवेदी | अध्यक्ष | |
| २ | श्री गंग बहादुर शाही | उपाध्यक्ष | |
| ३ | श्री रुपेश कुमार थापा मगर | सदस्य (वडा नं. १ वडा अध्यक्ष) | |
| ४ | श्री दुर्ग प्रसाद शर्मा | सदस्य (वडा नं. २ वडा अध्यक्ष) | |
| ५ | श्री नर बहादुर पुरी | सदस्य (वडा नं. ३ वडा अध्यक्ष) | |
| ६ | श्री चन्द्रलाल बस्नेत | सदस्य (वडा नं. ४ वडा अध्यक्ष) | |
| ७ | श्री कृष्ण बहादुर सलामी | सदस्य (वडा नं. ५ वडा अध्यक्ष) | |
| ८ | श्री लाल बहादुर चन्द | सदस्य (वडा नं. ६ वडा अध्यक्ष) | |
| ९ | श्री टेक बहादुर सिजाली मगर | सदस्य (वडा नं. ७ वडा अध्यक्ष) | |
| १० | श्री दिपक बहादुर हमाल | सदस्य (वडा नं. ८ वडा अध्यक्ष) | |
| ११ | श्री रन बहादुर सुनार | सदस्य | |
| १२ | श्री भिम बहादुर बि.क. | सदस्य | |
| १३ | श्री देवी सिंह (शाही) | सदस्य | |
| १४ | श्री कला नेपाली | सदस्य | |
| १५ | श्री करिमा सुनार | सदस्य | |
| १६ | श्री शिपकला बस्नेत | सदस्य | |
| १७ | श्री भक्त बहादुर मल्ल | सदस्य सचिव (प्रमुख प्रशासकीय अधिकृत) | |
| आमन्त्रित | | | |
| १ | जंग ब. वि.क | वडा सदस्य वडा नं ५ | |
| | | | |
| | | | |
| | | | |
| | | | |

प्रस्तावहरु:

१) आ.व. २०८३/०८४ को नीति, कार्यक्रम, बजेट तथा योजना तर्जुमा सम्बन्धमा
२) फोहोरमैला व्यवस्थापन स्थानान्तरण केन्द्र स्थापनाको लागि जग्गा भाडामा लिने सम्बन्धमा
३) सडक मर्मत सम्भारको भुक्तानी सम्बन्धमा
४) सडक बोर्ड गा पा साझेदारीतर्फ भुक्तानी बाँकी रकम र स्वास्थ्य सामाग्री खरिदको भुक्तानी बाँकी सम्बन्धमा
५) राहत चामल वितरणको रकम भुक्तानी सम्बन्धमा र बाँकी रहेको चामलको व्यवस्थापन सम्बन्धमा
६) विपन्न नागरिक औषधि उपचार तथा आर्थिक सहायता वितरण सम्बन्धमा
७) वडाका मुख्य सडकहरुको वर्षातमा हुने क्षति कम गर्न आवश्यक व्यवस्था मिलाउने सम्बन्धमा
८) कौवाजुडा खानेपानी तथा सरसफाई आयोजनामा छुटेका टोललाई समेट्ने सम्बन्धमा
९) विविध विषयमा सम्बन्धमा

निर्णय नं. १:

प्रस्ताव नं. १ माथि छलफल गर्दा आगामी आ.व. २०८३/०८४ को नीति, कार्यक्रम, बजेट तथा योजना तर्जुमा गरी मिति २०८३/०३/१० गते ११:०० बजे बस्ने नौमूले गाउँपालिकाको गाउँसभामा प्रस्तुत गर्न टोल,बस्ती र वडास्तरीय योजना तर्जुमा गरि यहि मिति २०८३/०३/०५ गते भित्र नौमूले गाउँपालिकाको कार्यालय सम्बन्धित समितिहरुमा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. २

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस नौमूले गाउँपालिकाको केन्द्रमा रहेको नौमूले बजारक्षेत्रबाट उत्पादन हुने फोहोरमैलालाई बजारक्षेत्रबाट सुरक्षित स्थानमा स्थानान्तरण गरि व्यवस्थापन गर्नु पर्ने भएकोले चालु आ.व. मा बजेट शिर्षकमा विनियोजित बजेटबाट स्थानान्तरण हुने स्थान उपलब्ध गराउन इच्छुक उत्तरमा पदमखोला हाइड्रोपावर, दक्षिणमा टुटेसिमल, पूर्वमा साल्कोट गाउँ र पश्चिममा लोहोरे खोला यति ४ किल्लाभित्रका इच्छुक भाँडामा जग्गा उपलब्ध गराउन चाहने जग्गादाताहरुबाट भाँडामा उपलब्ध गराउने सिलबन्दि भाँडा दरभाउपत्र आव्हानको लागि सूचना प्रकाशन लगायतका सम्पूर्ण प्रक्रिया पुरा गर्न नौमूले गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. ३

प्रस्ताव नं. ३ माथि छलफल गर्दा चालु आ.व. मा यस पालिकाका विभिन्न वडाहरुमा सडक मर्मत कार्य सम्पन्न गरिसकिएकोमा सो बापतको रकम हालसम्म भुक्तानी हुन नसकेकोले सम्बन्धित वडाबाट सडक मर्मतको लागि विनियोजित रकमबाट स्वीकृत बिल अनुसारको रकम भुक्तानी दिने र बजेट विनियोजन नभएको वडाबाट भएका मर्मत कार्य बापत भएको रकम स्वीकृत बिल अनुसार गा.पा. बाट मर्मत सम्भारमा विनियोजित रकमबाट दिने । मर्मत सम्भार बापतको नपुग हुने रकम सम्बन्धमा आगामी वर्षको बजेटमा समावेश गरि भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. ४

प्रस्ताव नं. ४ माथि छलफल गर्दा नौमूले गा.पा. वडा नं. २ बाट गत आ.व. मा कार्य सम्पन्न भएको सडक बोर्ड तर्फको योजनामा यस गा.पा. ले उपलब्ध गराउनु पर्ने रकम मध्ये स्वीकृत बिल अनुसारको रकम र सोहि वडाको स्वास्थ्य संस्थाका लागि खरिद भएका सामग्रीको भुक्तानी दिन बाँकी रकम समेत गत आ.व. को भुक्तानी बाँकी बजेट शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. ५

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस पालिकामा हावाहुरी, असिनापानिबाट कृषकहरुको बालि क्षति भएको पिडित कृषकहरुलाई चामल खरिद गरि वितरण गरिएको चामल खरिदको रकम बापत रकम यस पालिकाबाट चालु आ.व.मा विपद व्यवस्थापन कोष बजेट शीर्षकबाट भुक्तानी दिने र वितरण गर्न बाँकी चामलको छुट हुन गएका पिडितहरुलाई न्यायोचित रुपमा वितरण गर्ने निर्णय गरियो ।

निर्णय नं. ६

प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस पालिकाभित्र रहेका विपन्न नागरिकहरुका लागि औषधि उपचार तथा आर्थिक सहायता बापत उपलब्ध गराउने रकम यथा समयमै उपलब्ध गराउन न्यायोचित हुने देखिंदा विपन्न नागरिक तथा आर्थिक सहायता कार्यविधिको अधिनमा रहि विपद व्यवस्थापन कोष बजेट शिर्षकबाट यस पालिकामा निवेदन पेश गर्ने नागरिकहरुको विपद व्यवस्थापन समितिबाट छनौट गरिए सो समितिको निर्णय बमोजिम राहत तथा सहायता वितरण गर्ने निर्णय गरियो ।

CamScanner

निर्णय नं. ७

प्रस्ताव नं. ७ माथि छलफल गर्दा आगामी आ.व. को राष्ट्रिय रोजगार प्रवर्धन कार्यक्रम तर्फ उपलब्ध हुने बजेटको परिधिभित्र रहि सम्बन्धित वडाले रोजगार प्रवर्धन कार्यक्रममा सुचिकृत भएका बेरोजगार नागरिकहरुबाट सडक मर्मत सम्भार कार्य संचालन गर्ने र सो बापतको रकम सोहि कार्यक्रममा प्राप्त हुने बजेटबाट उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ८

प्रस्ताव नं. ८ माथि छलफल गर्दा कौवाजुडा खानेपानी तथा सरसफाई आयोजना, वडा नं ३ मा छुटेका टोललाई समेट्ने सम्बन्धमा प्रारम्भिक लागत स्टिमेट अनुसारको रकम चालु आ.व. मा प्राप्त खानेपानी तथा सरसफाई कार्यक्रमतर्फको कार्यक्रममा बचत हुने रकमबाट स्टिमेट अनुसारको कार्य संचालन गर्न निर्णय गरियो ।